बागमती प्रदेश सरकार
# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
हेटौंडा, नेपाल

पत्र सङ्ख्या :- ०८०/८१
चलानी नं. :- २४३८

मितिः २०८०।१२।०४

श्री स्थानीय तह सबै,
बागमती प्रदेश।

विषयः तहवृद्धि सम्बन्धमा।

प्रस्तुत विषयमा कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम स्थानीय तहमा समायोजन भएका स्वास्थ्य सेवा अन्तर्गत पाँचौं तहका कर्मचारीहरूलाई छैटौं तहमा तहवृद्धि गर्ने सम्बन्धमा केही दुविधा भएकोले स्पष्ट गरिदिनुहुन भनी अनुरोध भई आएको हुँदा सो सम्बन्धमा “नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ बमोजिम पाँचौं तहमा तहवृद्धि भई सोही ऐनको दफा १७ को उपदफा (५) बमोजिम कार्य सम्पादन तथा अनुभवको मूल्याङ्कनबाट समायोजन भई सोही तहमा पद मिलान भएको कर्मचारीको हकमा पद मिलान भई समायोजन भएको वा नभएको दुवै अवस्थाको सेवा अवधि गणना गरी स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ३० बमोजिम योग्यता पुगेका पाँचौं तहका कर्मचारीहरूलाई छैटौं तहमा तहवृद्धि गर्न मिल्ने” भनी मिति २०८०।१२।०२ (प्रमुख सचिवस्तर) को निर्णयानुसार अनुरोध छ।

(बिनोद पौडेल)
अधिकृत नवौं

**बोधार्थः**
श्री सूचना तथा सञ्चार समन्वय शाखाः यस कार्यालयको website मा upload गरिदिनुहुन।